www.sarkarijagir.com

लोक सेवा आयोग
नेपाल बैंक लिमिटेड, चौथो, सहायक पदको खुला प्रतियोगितात्मक
लिखित परीक्षा
२०७८।०७।१३

पत्र : द्वितीय
समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क : १००

विषय : **Management**

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

## खण्ड "क"

५० अङ्क

१. व्यवस्थापनलाई परिभाषित गर्नुहोस् । व्यवस्थापनको सिस्टम थ्योरीको व्याख्या गर्दै बैंकिङ्ग क्षेत्रमा यसको महत्वबारे प्रकाश पार्नुहोस् । २+५+३=१०
(Define Management. Explain about the System Theory of Management and also highlight the importance of this theory in banking sector.)

२. कुनै पनि संगठनको सफलताको लागि नेतृत्वको कस्तो भूमिका हुनुपर्दछ? नेपालको सन्दर्भमा कुन नेतृत्वशैली उपयुक्त होला? उदाहरणसहित प्रष्ट पार्नुहोस् । ५+५=१०
(What role should leadership play for the success of an organization? What type of leadership style can be suitable in Nepalese context? Clarify with an example.)

३. कार्य विवरण, कार्य विशिष्टीकरण र कार्यावर्तनको उदाहरणसहित व्याख्या गर्दै कार्यावर्तनका फाइदा तथा बेफाइदाहरूसमेत उल्लेख गर्नुहोस् । २+२+२+२+२=१०
(With appropriate examples, define the terms 'job description', 'job specification' and 'job rotation'. Also mention the advantages and disadvantages of job rotation.)

४. संगठनमा हुने कार्यसम्पादन मूल्यांकनका फाइदाहरू के-के हुन्? कार्यसम्पादन मूल्यांकनलाई बढी व्यवहारिक बनाउन के-के कुरामा ध्यान दिनुपर्छ? लेख्नुहोस् । ४+६=१०
(What are the benefits of performance appraisal in an organization? What are the matters that should be given attention to make performance appraisal more practical? )

५. सामूहिक सौदाबाजी किन आवश्यक पर्छ? नेपालमा ट्रेड यूनियन र सामूहिक सौदाबाजीको व्यवस्था कुन कानूनमा गरिएको छ? उक्त कानूनमा भएको व्यवस्थाबमोजिम सामूहिक सौदाबाजीअन्तर्गत के-के गर्न हुन्छ र के-के गर्न हुँदैन? २+२+३+३=१०
(Why is collective bargaining needed? Which law governs the issues of 'trade union' and 'collective bargaining' in Nepal? As provisioned in law, what kinds of activities are allowed and what are not-permitted during the collective bargaining?)

क्रमशः

www.sarkarijagir.com



## खण्ड "ख"

५० अङ्क

६+४=१०

६. छोटकरीमा टिप्पणी लेख्नुहोस् ।

i) व्यवस्थापन सूचना प्रणाली र निर्णय सहयोग प्रणाली

ii) डाटा वेस म्यानेजमेन्ट सिष्टम

(Write short notes on

i) Management Information System (MIS) and Decision Support System (DSS)

ii) Data Base Management System(DBMS))

७. पत्र लेखनका आधारभूत तत्वहरू के-के हुन्? पत्र लेखनको कुनै एउटा नमूना उल्लेख गर्नुहोस् । ३+७=१०

(What are the basic elements of letter writing? Mention a sample of any letter writing.)

८. कार्यालयमा सेवाग्राहीमैत्री व्यवहारको के महत्व छ? नेपालको सन्दर्भमा सेवाग्राहीमैत्री व्यवहारलाई प्रभावकारी बनाउन गर्नुपर्ने सुधारका क्षेत्रहरू कुन-कुन हुन्? उल्लेख गर्नुहोस् । ३+७=१०

(What are the importances of customer friendly behaviour in an office? In the context of Nepal, what are the sectors that need to be reformed to make customer friendly behaviour effective? Mention.)

९. अभिलेख व्यवस्थापन भनेको के हो? कुनै संस्थामा अभिलेख व्यवस्थापन किन आवश्यक पर्छ? यसलाई प्रभावकारी बनाउन के-कस्ता नवीनतम् विधिहरू प्रयोग गर्ने गरिएको छ? बुँदागतरूपमा उल्लेख गर्नुहोस् । २+४+४=१०

(What is record management? Why is it required in an organization? List out the recent techniques that are being used to make record management more effective.)

१०. तथ्यांक संकलन प्रकृयामा नमूना छनौट किन गरिन्छ? नमूना छनौट विधिहरूको सूची बनाउँदै बहुचरण नमूना छनौट विधिका चरणहरू उल्लेख गर्नुहोस् । २+५+३=१०

(Why is sampling made during the data collection process? List out the sampling methods for data collection. Also mention the steps to be followed in multi-stage sampling method.)

:: समाप्त ::

www.sarkarijagir.com
www.subodhghimire.com.np